'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : ११६ आइतवार ०७ पुष, २०८१ 22 (Sunday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

लुम्बिनी प्रदेशको राजधानी देउखुरीमा

## प्रदेश स्तरीय भौतिक संरचना निर्माण अन्तिम चरणमा

नमस्ते समचारदाता

देउखुरी, पुष/०६



लुम्बिनी प्रदेश राजधानी राप्ती उपत्यका देउखुरी दाङमा प्रदेश सरकार सञ्चालनका लागि आवश्यक पर्ने भौतिक संरचना निर्माणको काम अन्तिम चरणमा पुगेको छ । दाङको देउखुरीमा मुख्यमन्त्री कार्यालय सहित अन्य ९ वटा मन्त्रालयका कार्यालय भवन निर्माण भइरहेका छन् । प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन एकाइ कार्यालय दाङका सूचना अधिकारी इञ्जिनियर प्रदीप भट्टराईले भौतिक संरचना निर्माण गरी रङ्गरोगन सहित पहिलो चरणका काम सम्पन्न भएका बताए । भट्टराईले भने, 'पहिलो चरणमा भौतिक संरचना निर्माण तथा रङ्गरोगनका काम सकिएका छन् । अब अन्तिम चरणका काम बाँकी छन् । त्यसबाहेक भवन आसपासमा सडक विस्तार, ढल निकास, नाली, फुटपाथ, सडकबत्ती जडानका काम भइरहेका छन् ।' दाङमा विसं २०७९ फागुन ३ गते भवन निर्माणका लागि शिलान्यास गरिएको थियो । आगामी वर्षको पुसमा निर्माण सक्ने सम्झौता भए पनि त्यसअघि नै सक्ने गरी काम भइरहेको भट्टराईले बताए । उनका अनुसार भ्याटबाहेक रु ३ अर्ब ९ करोड १ लाख २९ हजारमा शर्मा सगुन जेभी काठमाडौँले यहाँ निर्माणको काम गरिरहेको छ । विसं २०७७ असोज २० गते बुटवलमा बसेको प्रदेशसभा बैठकले यहाँ स्थायी राजधानी तोकेको थियो । दाङको राप्ती गाउँपालिका, गढवा गाउँपालिका वडा नं १, २ र ३ तथा अर्घाखाँचीको सितगङ्गा नगरपालिका वडा नं ८ र ९ लाई केन्द्र मानेर स्थायी राजधानी तोकिएको थियो । तत्कालीन मुख्यमन्त्री शङ्कर पोखरेलको पालामा स्थायी राजधानी यहाँ तोकिए पनि लामो समयसम्म बुटवलबाटै कामकाज भयो । मुख्यमन्त्रीमा कुलप्रसाद केसी आएपछि भने विसं २०७९ मङ्सिर १९ मा राप्ती गाउँपालिका-३ लालमटियामा रहेको राप्ती प्राविधिक शिक्षालयको भवनमा मुख्यमन्त्री कार्यालय सारेर कार्यसञ्चालन गरिएको थियो । त्यसपछि यहाँ प्रदेशसभा भवन निर्माण कार्यले तीव्रता पायो भने मन्त्रालयका संरचनाका काम अघि बढे । पूर्वमुख्यमन्त्री कुलप्रसाद केसीले भने, 'सुरुमा हामीले केही मन्त्रालय भाडाका भवनमा र केही वडा कार्यालयबाट सञ्चालन गर्‍यौँ । त्यसपछि लगतै मन्त्रालय निर्माणको काम अघि बढायौँ । अहिले लगभग सबै संरचनाहरु बनिसकेको देख्दा त्यतिखेर हतारमा राजधानी सार्‍यो भनेर आलोचना खेपेर गरेको काम ठिकै गरिएछ भन्ने पुष्टि भएको छ ।' राप्ती गाउँपालिका-३ लालमटिया स्थित राप्ती प्राविधिक शिक्षालयलाई सरस्वती माविमा स्थानान्तरण गरिएपछि मात्रै यहाँ नयाँ संरचना निर्माणको काम अघि बढेको हो । हाल शिक्षालयका भवनलाई व्यवस्थापन गरी मुख्यमन्त्री कार्यालय सहित मन्त्रालयको व्यवस्थापन गरिएको छ । ११ मध्ये केही मन्त्रालय कार्यालय परिसर भन्दा बाहिर छन् । उद्योग, पर्यटन तथा यातायात मन्त्रालय राप्ती गाउँपालिकाको कार्यालय भवनमा छ भने कृषि, भूमि तथा सहकारी मन्त्रालय राप्ती गाउँपालिका-१ को कार्यालय भालुवाङमा छ । यस्तै स्वास्थ्य मन्त्रालय सिसहनिया स्थित वडा कार्यालय भवनबाट सञ्चालन भइरहेको छ ।

## क्रियाशिल पत्रकार महिला बाँकेको अध्यक्षमा गिरी चयन

नमस्ते समचारदाता

बाँके, पुष/०६




क्रियाशिल पत्रकार महिला डब्लु डब्लु जे बाँकेले नयाँ कार्यसमिति पाएको छ । जसको अध्यक्षमा साबित्री गिरी चयन भएकी छन् । क्रियाशिल पत्रकार महिला बाँकेका अध्यक्ष अमृता केसीको अध्यक्षता तथा लुम्बिनी प्रदेशका अध्यक्ष लिला शाहको प्रमुख आथित्यमा शनिबार नेपालगन्जमा सम्पन्न १२ औ साधारण सभा र छैठौ अधिवेशनले सर्वसम्मत रुपमा अध्यक्षमा साबित्री गिरीलाई चयन गरेको हो । यसैगरी उपाध्यक्षमा बिमला चौधरी ,सचिवमा अमृता जैशी (निशु), सहसचिवमा सुमित्रा चौधरी र कोषाध्यक्षमा सुमित्रा पण्डितलाई चयन गरिएको छ । यसैगरी सदस्यहरुमा सजल गैरे, सुनिता बर्मा, मन्जु रिजाल, साहिदा बानो, सरला बराल र सविता चन्द ठकुरी लगायत ११ सदस्यीय कार्यसमित चयन भएको डब्लु डब्लु जे बाँकेले जनाएको छ । क्रियाशिल पत्रकार महिलाको अधिवेशनमा निर्वतनमा कोषाध्यक्ष निशु जोशिले प्रगति तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरेकि थिइन । कार्यक्रममा प्रमुख अतिथि शाहले पत्रकार महिलाको क्षमता विकासका लागि पहल गर्ने बताइन् । उनले आफूले जिवनको लामो समय पत्रकारिता क्षेत्रमा विताएकाले अबका दिनमा नयाँ पुस्ता संग हातेमालो गर्न पाएकोमा खुसी व्यक्त गरिन । कार्यक्रममा क्रियाशिल पत्रकार महिलालाई आर्थिक रुपमा सहयोग गर्ने संस्था तथा व्यक्तिहरुलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा मंशिर २८ गते सम्पन्न नेपाल पत्रकार महासंघको निर्वाचनबाट निर्वाचित संघ, प्रदेश र जिल्लाका पत्रकार महिला र केही पदाधिकारीलाई सम्मान गरिएको थियो । कार्यक्रममा क्रियाशिल पत्रकार महिला बाँकेका संस्थापक अध्यक्ष अक्षरी पोखरेल, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाई, प्रदेश सचिव सरला सुवेदी, नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष नविन गिरी,उपाध्यक्ष करुणा शाह, संचारिका समुह ,प्रेस युनियन बाँकेका अध्यक्ष प्रिया स्मृति ढकाल , सामुदायिक रेडियो प्रसारक संघ अकोराबका केन्द्रिय सदस्य आरिफ अन्सारी र लुम्बिनी प्रदेशका उपाध्यक्ष रुपा गहतराज लगायतले शुभकामना मन्तव्य राखेका थिए । क्रियाशिल पत्रकार महिलाले आगामी दिनमा पत्रकार तथा श्रमजिवि महिलाका सवालमा निरन्तर सन्डे कल्ब गर्ने ,फेलोसिप कार्यक्रम तथा तालिम संचार गर्ने र पत्रकार महिलाको हक हितका लागि विभिन्न कार्यक्रम गर्ने योजना अधिवेशनमा प्रस्तुत गरेको छ । यी योजनालाई अझै बृहत बनाएर कार्यान्वयन गर्ने नवनिर्वाचित अध्यक्ष गिरीले बताएकी छन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## विद्यार्थी नपाउँदा विद्यालय नै बन्द

नमस्ते समचारदाता

मुगु, पुष/०६




मुगु जिल्लामा केही वर्षअघिसम्म प्राविधिक विषय अध्ययन विद्यार्थीको पहिलो रोजाइ बन्ने गरेको थियो । प्राविधिक विषय अध्ययन गरेमा चाँडो रोजगारी पाइन्छ भन्ने मान्यता थियो । तर हिजोआज प्राविधिक विषय पढ्ने विद्यार्थी पाउनै मुस्किल भएपछि जिल्लामा प्राविधिक विद्यालय धमाधम बन्द हुन थालेका छन् । शिक्षा समन्वय एकाइ मुगुका अनुसार जिल्लाको छायानाथ रारा नगरपालिका, सोरू गाउँपालिका, खत्याड गाउँपालिका र मुगुमकार्मारोङ गाउँपालिकामा गरी जम्मा ९ वटा माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा अध्यापन गर्ने भनी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सुर्खेतबाट अनुमति लिएको तथ्याङ्कमा उल्लेख रहेको छ । चार वटै स्थानीय तहका धैरै जसो विद्यालयमा विभिन्न प्राविधिक विषय गाउँमै पढाइ हुने गरे पनि विद्यार्थीको आकर्षण नहुँदा धेरै जसो विद्यालय बन्द भएको शिक्षा तथा समन्वय एकाइ मुगुका सूचना अधिकारी खड्कराज भ्यालले जानकारी गराएका छन् । जिल्लाको छायानाथ रारा नगरपालिका-७ स्थित श्री कर्णाली माध्यमिक विद्यालय टोप्लाका प्रधानाध्यापक चन्द्रबहादुर बडुवालका अनुसार कृषि विज्ञान पढ्ने विद्यार्थी नपाउँदा अहिले यो विद्यालय बन्द छ । बडुवालले भने, 'विद्यार्थीको पढाइ शुल्कले शिक्षकलाई पारिश्रमिक दिन नसकेर ६ वर्षयता बन्द रहेको छ ।' हिमाली जिल्लाका विद्यालयमा प्राविधिक शिक्षालय दीर्घकालसम्म सञ्चालनमा आउनलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले शिक्षकको व्यवस्थापनमा अनुदान दिनुपर्ने उनको भनाइ छ । विद्यालयमा विद्यार्थी आकर्षण गर्नका लागि प्राविधिकतर्फ चाहिने पुस्तकालय, कम्प्युटर, ल्याब तथा प्रविधियुक्त सुविधा सम्पन्न प्रयोगशाला, सर्भे क्याम्प, शैक्षिक भ्रमण तथा अवलोकनका माध्यमबाट सम्बन्धित स्थानमै पुगेर प्रयोगात्मक शैलीको अध्ययनलाई विशेष जोड दिइएको छ ।

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## अस्पतालको आन्दोलनले बिरामीलाई सास्ती

नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुर र नेपालगञ्जमा विगत एक साता देखि अस्पतालमा कार्यरत कर्मचारीहरुले आफ्नो सेवा सुविधाको वृद्धिको माग राखेर आन्दोलन गरिरहेका छन् । विभिन्न चरणका आन्दोलनका कार्यक्रमहरु अन्तरगत शुक्रबारदेखि दुबै अस्पतालहरुमा ओपिडी सेवा समेत तालाबन्दी गरिँदा ती अस्पतालहरुमा उपचार गराईरहेका तथा उपचारका लागि टाढा टाढाबाट आएका विरामीहरुलाई सास्ती परिरहेको छ। सरकारले तोकेको तलब बृद्धिको माग गर्दै दोस्रो चरणको आन्दोलनमा उत्रिएका मेडिकल कलेजका कर्मचारीले बुधवार र बिहीबार आधा समय ओपिडी बन्द गराएका थिए। तर उनीहरुको माग सुनुवाइ नगरिएपछि शुक्रबारबाट दुबै ठाउँका ओपिडी सेवा पूर्ण रुपमा बन्द गराउनुका साथै मेडिकल कलेजको पढाइ पनि बन्द गराइएको छ। अस्पताल व्यवस्थापन पक्षले कर्मचारीका जायज माग पूरा गर्नुको सट्टा उल्टै धम्की दिने र तर्साउने विज्ञप्ति जारी गरेको भन्दै नेपालगञ्ज र कोहलपुर दुबै ठाउँका ओपिडी सेवाहरु अनिश्चितकालका लागि बन्द गरिएको छ।। उता नेपालगन्ज मेडिकल कलेजले एकैपटक अधिकांश सेवाहरूमा शुल्क बढाएको छ । मेडिकल कलेजले आफूले प्रदान गर्दै आएका ९० प्रतिशत भन्दा बढी सेवाहरूमा थोरैमा २० प्रतिशतदेखि बढीमा एक सय प्रतिशतसम्म सेवा शुल्क बढाएको हो । तर, शुल्क बढाएपनि सेवाग्राहीहरूले थाहा पाउनेगरी भने जानकारी दिएको छैन। विभिन्न बहानामा सेवा शुल्क अत्यधिक वृद्धि गरेको मेडिकल कलेजले कलेजमा कार्यरत कर्मचारीको तलब भने वृद्धि गर्न नसकेको छैन। यो आन्दोलन बढ्दै गएर शुक्रबारसम्म आइपुग्दा कलेजको ओपिडी सेवा बन्द गराउने स्थितिसम्म आइपुगेको छ । यसले नेपालगन्जको ठूलो स्वास्थ्यउपचार सेवा प्रदाय संस्थाको सेवा प्रभावित भएको छ । सेवाग्राहीहरू उपचारका लागि अन्यत्र भौतारिनुपर्ने स्थिति सृजना भएको छ। मेडिकल कलेज सञ्चालक र प्रशासनले आन्दोलनमा रहेका कर्मचारीहरूले काम भन्दा बढी राजनीति गर्ने गरेको आरोप लगाउँछ। उनीहरुको भनाइ अनुसार मेडिकल कलेजमा हाल ५० जना भन्दा बढी कर्मचारी "हाटा तबली" रहेका छन्। यस्तो प्रवृत्तिले पनि मेडिकल कलेजलाई आर्थिक भारमा पारेको छ ।

# सभ्य समाजको निर्माण



धर्मराज भट्टराई



मानिसहरूको समूहले सँगै मिलेर बस्नका लागि सिर्जना गरेको उपयुक्त वातावरण नै समाज हो। यो विभिन्न धर्म, सम्प्रदाय, जातजाति, भाषाभाषी, संस्कार र संस्कृतिका अनुयायीहरूको सामूहिक स्वरूप हो। यसको उचित व्यवस्थापनका लागि लिखित वा अलिखित नियमहरू बनाएका हुन्छन्। यसरी बनेका नियमहरू नै समाजका मूल्य मान्यता हुन् । यी मूल्यमान्यताहरू बनाउनुको मुख्य उद्देश्य व्यक्ति एवं समाजलाई सभ्य, शिष्ट एवं जिम्मेवार बनाउनु हो । यसको उचित पालना गर्दै अगाडि बढेको समाज मात्र सभ्य समाज बन्न सक्छ। सभ्य समाजले मुलुकको समृद्धिमा आधारशिला खडा गर्न सक्छ। तर, जब यी नियमहरू तोडिँदै जान्छन् । त्यसपछि समाज अराजक, अशिष्ट र अमर्यादित बन्दै जान्छ। यस्तो समाजले मुलुकलाई अधोगतितर्फ डोऱ्याउनेमा दुईमत छैन। पछिल्लो समय देशमा घटेका विभिन्न घटनाक्रमहरू हेर्दा समाजले सही बाटो समात्न नसकेको आभास दिन थालेको छ । यसमा सामान्य नागरिकदेखि मुलुकको नेतृत्व सम्हालेका व्यक्तिहरूसमेत उत्तिकै जिम्मेवार देखिएका छन् । मुलुकको विद्यमान अवस्थाले आम नागरिकहरूमा वितृष्णा र आक्रोश पैदा गरेको छ। यसको असर सडकदेखि सभा सम्मेलनहरूमा समेत देखिने गरेको छ। केही समय पहिले मुलुकका प्रधानमन्त्री उपस्थित एक समारोहमा अमर्यादित शब्दहरूको प्रयोग भएको सुनियो। विदेशी पाहुनाहरूसमेत सहभागी रहेका उक्त समारोहमा देशकै प्रधानमन्त्रीलाई लक्षित गरी गरिएको त्यो व्यवहार असहनीय देखिन्थ्यो। असन्तुष्टि र आक्रोश पोख्ने अन्य तरिकाहरू पनि छन्। यसैलाई बाहाना बनाएर समाजलाई अराजकतातर्फ डोऱ्याउन भने कदापि मिल्दैन । यस्ता क्रियाकलापबाट भावी पुस्ताले ग्रहण गर्ने पाठको ठूलो मूल्यसमेत चुकाउनु पर्ने हुनसक्छ । यो एउटा उदाहरण मात्र हो । यस्ता क्रियाकलापहरू दैनिकजसो बढ्दै गएका छन्। सभ्य समाज निर्माणमा सबैभन्दा महत्वपूर्ण भूमिका शिक्षा क्षेत्रले खेलेको हुन्छ। औपचारिक शिक्षा स्कुल, कलेज, वा विश्वविद्यालयमा सामेल गरेर प्राप्त गरिन्छ। तथापि अनौपचारिक शिक्षाको पहिलो स्रोत भने घरपरिवार तथा आफन्तजनलाई लिने गरिन्छ । एउटा बच्चा जन्मेपछि उसको पहिलो गुरु उसलाई जन्मदिने अभिभावक हुन् । आफ्नो आमा बुवाद्वारा प्रदान गरिएको ज्ञानको माध्यमबाट बच्चाले स्थापित सामाजिक र सांस्कृतिक मापदण्डहरूका बारेमा जान्न पाउँछ। यसैगरी परिवारका जेष्ठ सदस्यहरूबाट धर्म, संस्कृति, दर्शन, इतिहास एवं साहित्य शिक्षाको महत्वबारे बुझ्ने मौका प्राप्त गर्छ । यी विषयवस्तुहरू हेर्दा सामान्य देखिए पनि सभ्य समाज निर्माणमा भने महत्वपूर्ण भूमिका रहेको हुन्छ । राजनैतिक अस्थिरता मुलुकको विशेषता नै बनिसकेको छ । यो अस्थिरताले छिटोछिटो सरकार परिवर्तन भैरहँदा आर्थिक तथा सामाजिक विकासका परियोजनाले आवश्यक गति लिन सकेका छैनन् । अर्कोतर्फ, दिन प्रतिदिन भ्रष्टाचार तथा अनियमितताका घटनाहरू बढ्दै गएका देखिएका छन् । मुलुकका मन्त्रीहरू नै मानव तस्करीमा संलग्न भएका घटनाहरू बाहिर आएका छन् । यसले गर्दा राजनैतिक नेतृत्वमाथि नै आक्रोस पोख्न थालिएको छ । यो आक्रोश व्यक्त गर्ने सबैभन्दा सजिलो माध्यम सामाजिक सञ्जाल बनेको छ। तथापी, पछिल्लो समय यसको सदुपयोगभन्दा पनि दुरुपयोग बढी हुने गरेको देखिन्छ। कुनै कुराप्रति आफ्नो असन्तुष्टि व्यक्त गर्न पाउनु लोकतन्त्रको गहना हो । नेपालको संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । तर, कसैको चरित्र हत्या गर्ने, गाली बेइज्जती गर्ने, सामाजिक एवं राजनैतिक सद्भाव खलल पुग्ने कुनै पनि अभिव्यक्तिले समाजलाई हित गर्ने देखिँदैन । यस्ता गतिविधिहरूले विभिन्न समुदायबीच द्वन्द्व निम्त्याउने सम्भावना देखिन्छ। समाजमा आर्थिक असमानताको खाडल दिनप्रतिदिन बढ्दै गएको देखिन्छ। समाज अहिले पनि हुने खाने र हुँदा खाने वर्गबीच गहिरो खाडल छ । विकासको लाभ सबै नागरिकले समान रूपमा लिन सकिरहेका छैनन् । यसले गर्दा समतामूलक समाज निर्माणमा बाधा पुऱ्याएको देखिन्छ । राज्यका स्रोतसाधनहरूमा सीमित वर्गको पहुँच, जातजाति, लिंग, धर्म तथा वर्गका आधारमा गरिने भेदभावले अवसरहरूको न्यायोचित वितरण हुन नसकेको गुनासो अझै मेटिएको छैन । मुलुकमा समतामूलक समाज निर्माणका प्रयास भने नभएको होइन । यसका लागि समावेशीकरण, सकारात्मक विभेद, समानुपातिक प्रतिनिधित्व, आरक्षण र कोटाका माध्यमबाट पहुँच, सशक्तिकरण र मूलप्रवाहीकरण गर्न प्रयत्न गरिएको देखिन्छ। तथापी, नेपाल जस्तो विविधतायुक्त मुलुकमा यसको परिणाम देखिन समय लाग्ने देखिएको छ । समतामूलक समाज एक आदर्श समाज हो। यस्तो समाजमा शान्ति, सकारात्मक चिन्तन र आलोचनात्मक चेतनाको समुचित विकास हुने अपेक्षा गरिन्छ । यसैकारण सभ्य समाज निर्माणमा समतामूलक समाज अपरिहार्य देखिन्छ। पछिल्लो चरणमा संस्कार एवं संस्कृति मनाउँदा असाध्यै भड्किलो, असहिष्णु, असामाजिक र निकै नै खर्चिलो ढंगले मनाउने भद्दा संस्कृतिको विकास हुन थालेको छ । सीमित आम्दानी हुनेले चाडपर्व नै मनाउन नसक्ने अवस्था हुँदै गएको देखिन्छ । यसले मानिसहरूलाई अनियमितता, गैरकानुनी क्रियाकलाप तथा भ्रष्ट आचरण तर्फ उन्मुख बनाएको पाइन्छ । एकातर्फ स्थापित कला संस्कृतिको गलत व्यख्या हुन थालेको छ भने अर्कातर्फ समाजलाई अनुशासनहिन बनाउन उत्प्रेरित गरेको देखिन्छ। यसको निरन्तरताले अहिलेको पुस्तालाई मात्र नभई भावी सन्ततिलाई समेत गलत सन्देश प्रवाह गर्ने धेरैको बुझाई छ। मुलुकमा समृद्ध नेपाल, सुखी नेपालीको नारा अगाडि सारिएको छ। यसको अर्थ देशलाई समृद्धिको बाटोतर्फ डोऱ्याउने संकल्प गरिएको बुझिन्छ । समृद्धि भन्ने बित्तिकै धेरैको बुझाई आर्थिक पक्षमा मात्र केन्द्रित देखिन्छ। मुलुकमा आर्थिक पूर्वाधारको विकास, औद्योगिकीकरण, रोजगारी सिर्जना, उत्पादन तथा आम्दानीको वृद्धिले मात्र समृद्धिको प्रत्याभूति हुने आम धारणा छ । यसमा सत्यता पनि छ । तथापी, समृद्धिलाई यति साँघुरो घेरामा मात्र बाध्न भने मिल्दैन । संसारमा यस्ता धेरै मुलुकहरू छन् । जहाँ आर्थिक पूर्वाधारको विकासका बाबजुद पनि त्यहाँका नागरिकहरूको जीवनस्तर उठ्न सकेको छैन। आफूहरू सुरक्षित भएको महसुस गर्न सकेका छैनन्। शान्ति सुरक्षाको प्रत्याभूति प्राप्त गर्न सकेका छैनन् । यसको मुख्य कारण त्यहाँको सामाजिक परिवेशलाई लिने गरिएको छ । तसर्थ, समृद्ध समाजबिना मुलुकको समृद्धि अधुरो देखिएको छ । समृद्ध समाजको निर्माणमा मुलुकका अग्रज बौद्धिक व्यक्तित्वहरूको भूमिका महत्वपूर्ण देखिन्छ। समाजलाई सभ्य र मर्यादित बनाउन पछिल्लो समय हरेक क्षेत्रमा मौलाउँदै गएको बेथितिलाई तोड्दै अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको छ।

*–अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# भूकम्प प्रभावितका लागि पुनर्लाभ परियोजना

■ नमस्ते समचारदाता
सल्यान, पुष/०६



भूकम्पका कारण क्षतिग्रस्त भएका सार्वजनिक पूर्वाधारको पुनर्निर्माण तथा पुनर्स्थापना गर्ने उद्देश्यले सल्यानको दार्मा गाउँपालिकामा 'भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधारको पुनर्लाभ परियोजना' सञ्चालनमा आएको छ। जाजरकोटलाई केन्द्र बनाएर गत वर्ष कात्तिक १७ गते गएको भूकम्पका कारण क्षति भएका संरचनाको यस परियोजनाबाट निर्माण कार्य थालनी गरिएको छ। पुनर्लाभको काम सुरु भएसँगै रोजगारीका अवसर सिर्जना भएको छ। दार्मा गाउँपालिका-२ का पीताम्बर शर्माले भूकम्प प्रभावित संरचनाको निर्माण सुरुवातसँगै रोजगारी पाएको बताउनुभयो। भूकम्पबाट दार्मा गाउँपालिकामा चार हजार ८० सर्वसाधारणको घरमा क्षति पुगेको थियो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेसमबहादुर वलीले भूकम्पवाट ३६ विद्यालय, नौ स्वास्थ्य संस्था, दुई वडा कार्यालय, १२ खानेपानी, सिँचाइ र सडक गरी ५९ वटा सार्वजनिक संरचनामा आंशिक क्षति पुगेको बताउनुभयो। उहाँका अनुसार सरकारले पर्याप्त बजेट विनियोजन नभएकाले अहिलेसम्म क्षति भएका १६ सार्वजनिक संरचना मात्रै पुनर्निर्माणको काम भइरहेको र दुई प्रक्रियामा रहेका छन्। सङ्घीय आयोजना कार्यान्वयन एकाइ कार्यालय जाजरकोटले तीन करोड रुपियाँ विनियोजन गरेर वडा नं. १ दार्माकोटस्थित स्वास्थ्यचौकी, वडा नम्बर ५ काँगुनोहाल्नस्थित स्वास्थ्य एकाइ केन्द्र भवन निर्माण प्रक्रिया अघि बढेको छ। पूर्वाधार विकास कार्यालय सल्यानले भने भूकम्प प्रभावित संरचना निर्माणका लागि आएको तीन करोड बजेटमध्ये एक करोड ५० लाखबाट अन्धनाशक आधारभूत विद्यालय ढाकाडाम र कालिका आधारभूत विद्यालय निर्माणको प्रक्रिया अघि बढाएको छ। विश्व खाद्य कार्यक्रमले पूर्ण लाभ परियोजना सञ्चालन गरी विनियोजन गरेको झन्डै आठ करोड बजेटबाट चार सिँचाइ कुलो, पाँच खानेपानी, दुई सडक, एक विद्यालय, एक वडा कार्यालय, एक पदमार्ग गरी १४ योजना निर्माण भइरहेका छन्। दार्मा गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीले विश्व खाद्य कार्यक्रमले श्रममा आधारित, रोजगारी सिर्जना गर्न सक्ने र क्षतिग्रस्त संरचनालाई प्राथमिकतामा राखेर भूकम्पबाट क्षतिग्रस्त संरचना निर्माणको काम गरिरहेको बताउनुभयो। दार्मा गाउँपालिका-२ का वडाध्यक्ष सार्कु खत्रीले पालिकामा सूचीकृत बेरोजगार व्यक्तिलाई पुनर्लाभ कार्यक्रममा सहभागी गरिएको बताउनुभयो। संयुक्त राष्ट्रसङ्घ विश्व खाद्य कार्यक्रमको नेतृत्वमा बेलायत सरकार (बेलायती राजदूतावास काठमाडौँ) को आर्थिक सहयोगमा २०८१ वैशाखदेखि सुरु भएको परियोजना २०८१ चैतसम्म सञ्चालन हुने छ। यो परियोजनाले भूकम्पका कारण क्षतिग्रस्त संरचना पुनर्निर्माण मात्र नभई दिगो विकासका लागि रोजगारीका अवसर सिर्जना गर्दै स्थानीय समुदायलाई आर्थिक रूपमा सशक्त बनाउने लक्ष्य राखेको छ।

# सानो बजेटका योजनाले ल्याएको ठुलो खुसी

■ नमस्ते समचारदाता
दाङ, पुष/०६



केही वर्षअघि तुलसीपुर उपमहानगरपालिका-१२ लामिडाँडा निवासी ज्ञानबहादुर विकको घरभित्रै पानी पस्थ्यो। वर्षौंदेखि आजित बनेका उनले अचेल भने त्यसबाट मुक्ति पाएका छन्। पानीको निकासका लागि नालिसहितको सडक बनेपछि समस्या समाधान भएको हो। अब चाँडै सडक कालोपत्र भएमा धुवाधुलोबाट समेत मुक्ति मिल्ने उनको अपेक्षा छ। विकले भने, 'वर्षामा घरभित्रै पानी आउथ्यो। पटक-पटक वडालाई भने। यसपटक भने सुनुवाइ भयो। अब घरभित्रै पानी पस्ने अवस्था आउने छैन।' वडाले रु ३ लाख बजेटमा कचेलीदेखि लामिडाँडासम्म ३ सय ३५ मिटर नाला निर्माण गरेको छ। यस्तै दाङको तुलसीपुर उपमहानगरपालिका-१२ क्वाडी विगतको वर्षादमा डुबानमा पर्थ्यो। गाउँको पानी निकास नहुँदा यसरी डुबान हुने गर्थ्यो। यहाँ पनि 'पनफकुवा' नाला निर्माण भएपछि त्यो समस्या पनि हटेको स्थानीय नदीमा चौधरीले बताए। तुलसीपुर उपमहानगरपालिका-१२ ले चालु आर्थिक वर्षमा रु ३ लाख बजेटमा यहाँ ७५ मिटर लामो नाला निर्माण गरिएको छ। वडाध्यक्ष खुसीराम चौधरीले सानो बजेटले ठूलो उपलब्धि गर्ने नीतिअनुसार समस्या समाधानका लागि काम भएको बताए। उनी भन्छन्, 'जनताका समस्या धेरै ठूला पनि हुँदैनन्। ससाना समस्या हल गर्यौं भने पनि त्यसले राम्रो प्रभाव पार्छ। ३ लाख बजेटले मात्रै हामीले स्थानीयलाई खुसी दिन सकेका छौं।' गाउँ नै डुबानमा पर्ने समस्या लिएर आएपछि आफूले सोही ठाउँमा बजेट विनियोजन गर्न सहजीकरण गरेको चौधरीले बताए।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# प्रसुति सेवामा सहजताका लागि स्वास्थ्य सामग्री हस्तान्तरण

■ नमस्ते समचारदाता
जाजरकोट, पुष/०६




वान हार्ट वल्डवाईड र पाचतारा युवा संरक्षक मंच जाजरकोटको साझेदारीमा संचालित "स्थानीय सरकार सँगको साझेदारीमा" मातृ तथा नवजात शिसु स्वास्थ्य सेवा सुदृढिकरण परियोजना अन्तरगत स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो। जाजरकोट जिल्लाको कुशे, छेडागाड र जुनिचादे नगरपालिकाका, ढिमे, पैंक, दह, साल्मा र सुवानाउली स्वास्थ्य चौकिहरुमा ९ लाख ५० हजार मुल्य बराबरका विभिन्न स्वास्थ्य सामग्रीहरु हस्तान्तरण गरिएको छ। यो परियोजना २०२४ मे देखि जाजरकोट जिल्लाभर लागु भएको हो। यो परियोजनाले स्वास्थ्य संस्थाको गुणस्तरीय सेवा प्रवाहमा काम गर्दै आइरहेको छ। स्वास्थ्य सेवा प्रवाहमा सहयोग गर्ने,जनशक्तिको क्षमता अभिवृद्धिमा काम गर्ने,मानवीय सहायता,प्रसुति गृह मर्मत तथा निर्माण जस्ता कार्यमा सहयोग गर्दै आएको छ। वान हार्ट वल्डवाईड मुख्यतया आमा र बच्चाको स्वास्थ्यमा काम गर्ने संस्था हो। नेपालका दुर्गम पहाडी जिल्लाहरुमा राम्रो स्वास्थ्य संस्था र विशेषज्ञ चिकित्सकहरुको अभावमा प्रत्येक वर्ष सुत्केरी आमा तथा नवजात शिशुहरुको मृत्यु हुने गरेको पाइन्छ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

# महाबै-३ का वडाध्यक्ष सिंहमाथि हातपात, टाउकोमा सात टाँका

■ नमस्ते समचारदाता
कालीकोट, पुष/०६

कालीकोटको महावै गाउँपालिका वडा नं ३ का वडाअध्यक्ष पदम बहादुर सिंहमाथि हातपात भएको छ। शनिबार बिहान आफ्नै घरमा बसिरहेको अवस्थामा एक्कासि मदिरा सेवन गरी ४ जनाको समूहले उनीमाथि हातपात गरेको बताइएको छ। सो क्रममा टाउकोमा धारिलो हतियार प्रयोग गरेको पाइएकोले ज्यान मार्ने उद्देश्यले आक्रमण भएको हुन सक्ने भन्दै महावै गाउँपालिकाले एक विज्ञप्ति मार्फत आपत्ति जनाएको छ। महावै गाउँपालिका वडा न ३ राता टोलमै बस्ने जीवन सिंह, तारा सिंह, टोप सिंह र घमन्ड शाहीको समूहले अध्यक्ष माथि हातपात र कुटपिट गरेर भागेका थिए। वडाध्यक्ष सिंहको टाउकोमा ७ वटा टाँका लगाई थप उपचारको लागि जिल्ला अस्पताल कालीकोट पठाइएको छ।

# सुदूरपश्चिम प्रदेशसभामा संसदीय समिति सभापति विहीन


नमस्ते समचारदाता
धनगढी, पुष/०६



सुदूरपश्चिम प्रदेश सभा अन्तर्गतका संसदीय समितिहरू अझै सभापतिविहीन छन्। मिनी पार्लियामेन्ट मानिने संसदीय समितिमा सत्ता साझेदार दुई प्रमुख दल नेपाली कांग्रेस र नेकपा एमाले बिच भागबन्डाको लफडाले सभापति चयनमा ढिलाइ भएको हो। सुदूरपश्चिम प्रदेश सभा अन्तर्गत सामाजिक विकास समिति, सार्वजनिक लेखा समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति र विधायन तथा प्रदेश मामिला समिति छन्। तर ती समितिको सभापतिमा सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेले हानथाप गर्दै आएका छन् । सभापति चयन हुन नसक्दा हाल ती समितिहरू ज्येष्ठ सदस्यको अध्यक्षतामा चल्दै आएका छन् । चार वटै समितिमा ज्येष्ठ सदस्य नेपाली कांग्रेसका छन् । विधायन तथा प्रदेश मामिला समितिमा ज्येष्ठ सदस्यका हैसियतले देवानसिंह बिष्ट, सार्वजनिक लेखा समिति सभापतिमा विक्रम धामी, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा मानबहादुर रावल र सामाजिक विकास समितिमा शिवराज भट्टले बैठकको अध्यक्षता गर्दै आएका छन् । सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहको अघिल्लो कार्यकालमा संसदीय समितिका सभापति चयन भएका थिए। पछि दीर्घ सोडारी गत वैशाख ६ गते मुख्यमन्त्रीमा नियुक्त भएपछि सत्ता समीकरणमा फेरबदल भयो । त्यस यता समितिका सभापति चयन हुन सकेका छैनन् । प्रदेशसभा नियमावली अनुसार सुदूरपश्चिममा ४ वटा समिति रहने व्यवस्था छ । तर नेकपा एमाले र कांग्रेसले सभापतिमा २/२ वटा दाबी गर्न थालेपछि सहमति जुट्न नसकेको हो। सत्तारुढ दल नागरिक उन्मुक्ति पार्टीले भने १ वटा समितिको सभापति पाउनुपर्ने माग गरेको छ। तर कांग्रेस र एमालेले २/२ वटामा दाबी गरेपछि सभापति चयन गर्न नसकिएको नाउपाका संसदीय दलका नेता घनश्याम चौधरी बताउँछन् । नेकपा एमालेका प्रमुख सचेतक चक्र मल्लले उपनिर्वाचन लगायत विभिन्न राजनीतिक घटनाक्रमका कारण संसदीय समितिको सभापति चयन गर्न नसकिएको बताए । कांग्रेस सचेतक गीता चौधरीले समितिका सभापति चयनमा धेरै विलम्ब भएको स्वीकार गर्दै पुस पहिलो साता चयन गर्ने गरी छलफल छलफल भएको बताइन् । कांग्रेस निकट स्रोतका अनुसार कांग्रेसले विधायन तथा प्रदेश मामिला समिति सभापतिमा दाबी गरेको छ । भागबन्डामा किचलो भएपछि प्रदेश सभा नियमावली नै संशोधन गरेर एउटा समिति थप गर्ने तयारी भइरहेको स्रोत बताउँछ । संसदीय अभ्यास अनुसार सरकारलाई चेक एण्ड ब्यालेन्स गर्नलाई प्रमुख प्रतिपक्ष दललाई सार्वजनिक लेखा समिति सभापतिको जिम्मेवारी दिनुपर्ने परम्परा छ । जुन अनुसार सार्वजनिक लेखा प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रले पाउनेछ । समितिको सभापति चयनको निर्वाचनको लागि एकताका निर्वाचन कार्यतालिका नै जारी गरिएको थियो। तर दलभित्रको किचलोका कारण निर्वाचन तालिका नै रद्द गरियो । सभामुख भीमबहादुर भण्डारीको निर्देशनमा गत असोज ७ गते तालिका सार्वजनिक गरिएको थियो ।

# भूकम्पमा परी मानवीय क्षति नभएको बाजुरा प्रशासनको भनाई





नमस्ते समचारदाता
बाजुरा, पुष/०६

बाजुरामा शनिवार एकाबिहानै गएको भूकम्पमा मानवीय क्षति नभएको जिल्ला प्रशासन कार्यालय बाजुराका सहायक प्रमुख जिल्ला अधिकारी रुपक मण्डलले बताएका छन् । बाजुराको पूर्वी उत्तरी भेगको जगन्नाथ गाउँपालिकाको गोत्री केन्द्रबिन्दु बनाएर शनिवार बिहानै भूकम्प गएको थियो । ५ दशमलव २ म्याग्निच्युडको भूकम्पका केही भौतिक संरचनाहरूमा भने क्षति पुगेको मण्डलले बताए । उनका अनुसार भौतिक क्षतिको विवरण सङ्कलन हुँदैछ । भूकम्प मापन केन्द्र सुर्खेतका अनुसार शनिवार बिहान ४ बजेर १४ मिनेटमा भूकम्प गएको हो । भूकम्प गएपछि जिल्ला सदरमुकाम मार्तडीमा स्थानीय घरबाहिर निस्केका थिए । भूकम्पका कारण बुढीनन्दा नगरपालिकाको कोल्टीमा केही घर भत्केको जानकारी आएको सहायक प्रमुख जिल्ला अधिकारी मण्डलले बताए । भुकम्पका कारणकालिकोट जिल्लाको रास्कोट नगरपालिका अन्तर्गत वडा नं ३ र ४ का केही बस्तीमा रहेका घरहरु चर्किएका हुन् । शनिबार बिहान ४ बजेर १४ मिनेटमा आएको भूकम्पका कारण वडा नं.३ र ४ का केही टोलहरुमा क्षती पुऱ्याएको बताइएको छ। त्यस्तै वडा नं. ३ का अलि कुमाल ४ का खेमराज संन्ज्याल मन बहादुर शाही , नमराज शाही, बर्ज सुनारको घरहरु चिराचिरा भएका छन् । जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरी प्रमुख टेकबहादुर शाहीले भौतिक क्षतिबारे विवरण सङ्कलनको काम भइरहेको बताए। 'हामीले सबैतिर आफै फोन गरेर बुझ्ने काम गरिरहेका छौं,' उनले भने।

# थुनामुक्त गराइदिन्छु भन्दै रकम असुली गर्ने ३ जना पक्राउ

नमस्ते समचारदाता
कैलाली, पुष/०६

प्रहरीको थुनामा रहेका थुनुवालाई मुक्त गराइदिने भन्दै उनीहरुका आफन्त सँग रकम असुली गर्ने ३ जना पक्राउ परेका छन् । कैलालीको धनगढी उपमहानगर पालिका-१ बाट लागूऔषध मुद्दामा प्रहरी हिरासतमा रहेका एक थुनुवालाई थुनामुक्त गराइदिन्छु भनी परिवारजनबाट रकम असुली गरेको आरोपमा गौरीगंगा नगरपालिका-७ का २९ वर्षीय रुपक साउँद, २२ वर्षीय रमेश साउँद र १९ वर्षीय हर्क साउँदलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक तथा सहप्रवक्ता दर्शन खड्का अनुसार उनीहरुले थुनुवाका परिवारका सदस्यहरुबाट ३९ हजार ५ सय भारु लिएका थिए । अन्य रकम थुनुवालाई छुटाएपछि लिने भनी मोलमोलाई भएको समेत खुल्न आएको प्रहरीले जनाएको छ । उनीहरुलाई आवश्यक कारबाहीका लागि हिरासतमा राखी थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# टोल विकास समितिको काम बरघरबाट गर्न माग

नमस्ते समचारदाता
बाँके, पुष/०६



बाँकेको राप्तीसोनारीमा टोल विकास समितिको काम बरघरबाट गर्न माग गरिएको छ। थारु साहित्य संस्कृति प्रतिष्ठान लमही दाङको आयोजनामा शुक्रबार राप्तीसोनारीमा सम्पन्न बरघरहरुको समावेशी मापन भेलामा थारु गाउँका अगुवा बरघरहरुले आफूहरु सक्रिय भएको गाउँठाउँमा टोल विकास समितिबाट नभइ बरघरहरुकै सञ्जालबाट काम हुनुपर्ने माग गरेका हुन्। आफू युवा वस्थामै बरघर बनेको बताउने टरवा गाउँका बरघर इतवारी थारुले भने, 'पालिकाले बरघर ऐन पारित त गरेको छ । तर, हामीलाई पत्याउँदैन ।' टोल विकास समितिले बरघरहरुसँग समन्वय गरेर काम गरेमा थारु गाउँको विकास तीव्र गतिमा हुने उनको दाबी थियो । बिसौं वर्ष बरघर बन्नेहरु बरघरमा मात्र सीमित नभइ समाजसेवाको दायरा फराकिलो पार्न राजनीतिमा पनि हात हाल्नुपर्ने उनले सुझाव दिए । कार्यक्रममा राप्तीसोनारी गाउँपालिकाका पूर्वअध्यक्ष लाहुराम चौधरीले आफ्नो पालामा टोल विकास समितिबाट नभई बरघरहरुकै सञ्जालबाट काम गराएको स्मरण गरे । अझै पनि यस्तो अभ्यास फलदायी हुने उनको भनाइ थियो । 'बरघर प्रणाली स्वयम्सेवी छ, श्रमदान गरेर लाखौंको काम उनीहरुबाट छोटो समयमा सम्भव हुन्छ । त्यसैले, थरुहटका पालिकाहरुले बरघरहरुको सञ्जाललाई सदुपयोग गर्न सक्नुपर्छ', पूर्व अध्यक्ष चौधरीले भने । पेडारी गाउँका बरघर रतिराम चौधरीले भने, 'आयोजक थारु साहित्य संस्कृति प्रतिष्ठानको बरघरमा महिला र युवा समावेशी हुनुपर्छ भन्ने आवाज जायज छ । तर, बरघरमा महिला र युवाहरुको चाहना देखिदैन ।' बरघर रतिराम चौधरी तथा अर्का बरघर सुन्दरसिंह चौधरीले आफ्नो बाजे, बाबु हुँदै बरघर आफूमा सरेको बताउँदै गाउँका कसैले बरघर बन्न चाहना गरे सुम्पिन तयार रहेको बताए। २०५४ सालबाट लगातार २७ वर्षदेखि बरघर चलाइरहेका बजारु थारुले युवाहरुलाई लौन अब त काँध फेरीदेऊ भन्दा नमान्ने गुनासो गरे। बरघर चलाउन गाह्रो छ । बरघरसंगै पूजापाठ पनि जोडिएकाले सबैलाई यो पद शुभ नहुने उनको भनाइ थियो। पद्नाहा गाउँकी बरघर जुगमानी थारुले पालिकाले गाउँको भूंइहार बनाउन थोरै बजेट दिएकोमा नपुग भइ गाउँलेहरुबाट चन्दा उठाउनु परेको जनाइन्। उनले भनिन्, 'महिलाहरु पनि बरघर बन्न इच्छुक हुन्छन् तर पुरुषले साथ दिनुपर्छ। पूजाआजा गराउन झन्झटिलो भएकाले पनि महिलाहरु बरघर बन्न मन नगर्ने उनको भनाइ थियो। अर्का बरघर कान्छा चौधरीले महिलाहरुले चलाएको सहकारी उत्कृष्ट रहेको उदाहरण दिदै महिलाहरुलाई बरघरको जिम्मेवारी गाउँको समन्वय अझ मजबुत हुने बताए। राप्तीसोनारी ७ नं वडाका वडाध्यक्ष रामलखन चौधरीले पालिकाबाट बरघर ऐन पारित गराउन निकै पापड पेल्नु परेको बताउँदै अब छिटै नै विधेयक पनि पारित गरेर व्यवस्थित गरिने जनाए । अर्को प्रसंगमा उनले प्रत्येक थारु गाउँको मौलिक नामसँग इतिहास, पहिचान जोडिएको तर हाल आएर बंग्याउने काम भएकाले मौलिक नाम जोगाउन आग्रह गरे । उनले बरघरहरुसँग भने, तपाईहरुको गाउँको नामको साइनबोर्ड बिग्रिएको छ भने, पालिकामा सच्याउन निवेदन दिनोस्, हामी सहयोग गर्छौ। पुरानो जमिन्दारको नाममा गाउँको देउता रहेकाले त्यो सकार्ने अर्को व्यक्ति नहुँदा आफ्नो गाउँ बरघरविहीन रहेको, यसलाई सल्टाउने काम भइरहेको उनले बताए । थारु साहित्य संस्कृति प्रतिष्ठानका अध्यक्ष छविलाल कोपिलाको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक डा कृष्णराज चौधरी सर्वहारी तथा फिल्ड अधिकृत विमला चौधरीले बरघरमा महिला तथा युवाहरुको सहभागितामा जोड परियोजना बारे प्रकाश पारेका थिए। भेलामा करिब ६ दर्जन बरघरहरुको उपस्थिति रहेको थियो ।

## गाउँपालिका द्धारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सोरु गाउँपालिका
मुगु

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके